

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २९२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ मंसिर ५ गते सोमबार ❑ 21 Nov. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## कास्कीमा करिब ६० प्रतिशत मतदान

**पोखरापत्र संवाददाता**

**पोखरा, ४ मंसिर**

प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको लागि आइतबार भएको निर्वाचनमा कास्की जिल्लामा भने अघिल्ला बर्षको तुलनामा कम मत खसेको छ । अघिल्ला बर्षमा करिब ७० देखि ७५ प्रतिशतसम्म खसेको कास्कीमा यस बर्ष भने करिब ६० प्रतिशत मत खसेको जिल्ला निर्वाचन कार्यालय कास्कीले जनाएको छ ।

कास्कीमा प्रारम्भिक तथ्याङ्क अनुसार करिब ६० प्रतिशत मत खसेको जिल्ला निर्वाचन कार्यालय कास्की क्षेत्र नम्बर ३ का सूचना अधिकारी राजाराम पौडेलले बताए । कास्कीमा २ लाख ९१ हजार ५ सय ६८ मतदाता रहेका छन भने प्रतिनिधि सभा सदस्यको लागि ४६ उम्मेदवार र प्रदेश सभा सदस्यको लागि ४५ जना उम्मेदवार चुनावी प्रतिष्प्रर्धामा रहेका छन्। गत वैशाख ३० गते भएको स्थानिय तहको निर्वाचनमा कास्कीबाट करिब ७० प्रतिशत मत खसेको थियो ।

कास्कीमा मुख्य गरी पाँच दलीय गठबन्धन र नेकपा एमाले सहितको अर्को गठबन्धन बिच मुख्य रुपमा प्रतिष्प्रर्धा भए पनि युवा जमातलाई भने राष्ट्रिय स्वतन्त्र पार्टी घण्टीले



निकै आकर्षण गरेको छ । कास्कीमा गण्डकी प्रदेशका दुई जना मन्त्री उम्मेदवारको रुपमा चुनावी मैदानमा उर्तिएका छन् । गण्डकीका अर्थमन्त्री रामजी प्रसाद बराल जीवन गठबन्धनको साझा उम्मेदवारको रुपमा प्रतिनिधि सभा सदस्यको लागि चुनावी मैदानमा छन् भने, प्रदेशका कानून संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापा प्रदेश सभा सदस्यको रुपमा चुनावी मैदानमा रहेका छन् ।

जीवनका मुख्य प्रतिष्प्रर्धी एमालेका दामोदर बैरागी रहेका छन भने थापाका मुख्य प्रतिष्प्रर्धी एमालेकी नेतृ मीना गुरुङ रहेकी छन् । कास्की क्षेत्र नम्बर १ मा एमालेका मनबहादुर गुरुङ प्रतिनिधि सभा सदस्यको चुनावी प्रतिष्प्रर्धामा उर्तिदा गठबन्धनका साझा उम्मेदवारको रुपमा कागेंसका किशोरदत्त बराल उम्मेदवारको रुपमा रहेका छन्। कास्की २ को प्रतिनिधि सभाको सदस्यको उम्मेदवारमा गठबन्धनका साझा उम्मेदवार एकिकृत समाजबादीका श्रीनाथ बराल रहेका छन् भने एमाले नेतृ बिद्या भट्टराई उनका मुख्य प्रतिष्प्रर्धी हुन् । यसैबिच कास्कीमा निर्वाचनको क्रममा माछापुच्छ्रे गाउँपालिकाको तारेबराह आधार भूत बिद्यालय लुम्रेमा मतपेटिका तोडफोड गरेका नेकपा बुमत समुहका कार्यकर्ता सुर्य बहादुर परियारलाई प्रहरीले पक्राउ गरेको छ । १ सय ५ जनाले मतदान गरेसंगै प्रतिनिधि सभाको लागि मतपत्र लियर मतपेटिकामा आफ्नो मत खसालेसंगै माछापुच्छ्रे गाउँपालिका ९ का ३२ बर्षीय परियारले मतपेटिका तोडफोड गर्दै परिवारले नेकपा बुमत जिन्दावात, संसदीय व्यबस्था खारेज गर भन्दै नारा लगाएका लगतै उनलाई प्रहरीले नियन्त्रणमा लिएका हो । बिहान करिब ४५ मिनेट जसो मटपेटिका तोडफोड भएका कारण स्थगित भएको तारेबराह आधारभूत बिद्यालयको ग मतदान केन्द्रका निर्वाचन अधिकृत सविना ढुंगाले बताइन् । कास्कीको माछापुच्छ्रेमा मतपेटिका तोडफोड भएका कारण कास्कीमा सुरक्षा व्यबस्था थप कडा पारिएको थियो ।

कास्कीको विभिन्न ग्रामिण भेगबाट मतपेटिका आउन ६, ७ घण्टा लाग्ने भएकोले मतपेटिका ल्याएसंगै मुचुल्का गरी सर्वदलीय बैठक बसेर मात्र मतगणना हुने निर्वाचन कार्यालय कास्कीले बताएको छ । कास्कीको निर्वाचन क्षेत्र नम्बर १ को भेटेरेनरी अस्पताल तथा पशु सेवा स्वास्थ्य कार्यालय, कास्की २ को पोखरा सभागृह हलमा र कास्की ३ को भने जिल्ला समन्वय समितिको हलमा मतगणना हुने भएको कास्कीका मुख्य निर्वाचन अधिकृत प्रकाश खरेलले बताए । कास्कीमा पोखरा महानगरपालिका, अन्नपूर्ण, माछापुच्छ्रे, मादी र रुपा गाउँपालिका गरी ५ वटा पालिका रहेका छन् ।

## अपेक्षाभन्दा कम मतदान, करिब ६१ प्रतिशत भएको प्रारम्भिक विवरण

**रासस**

**काठमाडौं, ४ मंसिर**

आइतबार सम्पन्न प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनमा हालसम्मको प्रारम्भिक विवरणअनुसार पूर्वानुमानभन्दा कम करिब ६१ प्रतिशत मतदान भएको छ । मतदानबारे निर्वाचन आयोगको सूचना प्रणालीमा विवरण प्रविष्ट हुने क्रम जारी छ ।

मतदानलाई सहज र शान्तिपूर्णरूपमा सञ्चालन गराउने प्रयासका बाबजुद सुर्खेत, नवलपरासीपूर्व, गुल्मी र बाजुरा जिल्लाका गरी १५ मतदानस्थलमा मतदान स्थगन भएको निर्वाचन आयोगले जनाएको छ । मतदानका क्रममा बाजुरा जिल्लामा दोहोरो झडप हुँदा एकजना सर्वसाधारण नागरिकको मृत्यु तथा अन्य केही स्थानमा केही नागरिक घाइते भएका छन् । आयोगले सबै मतदान अधिकृतहरूलाई आइतबार मध्याह्न निर्देशन दिँदै मतदान केन्द्रमा भएको सामान्य विवादका कारण केही समय स्थगन भएको मतदान कार्य सञ्चालन गर्न र साँझ ५ बजेसम्म स्थगन भएको सूचना टाँस नगर्न तथा आयोगको पूर्वसहमति लिएर मात्रै स्थगन भएको सूचना टाँस गर्न निर्देशन दिएको थियो । स्थगन वा रद्द भएका मतदान केन्द्रमा आवश्यक तयारी गरी दुई दिनभित्र पुनः मतदान गराउने निर्णय गर्न उपयुक्त प्रबन्ध मिलाइने आयोगले जनाएको छ।

आयोगले केही सामान्य घटनाबाहेक देशभर शान्तिपूर्ण र उत्साहजनकरूपमा मतदान सम्पन्न भएको र निर्वाचन सम्पन्न गराउने ऐतिहासिक कार्यमा भूमिका निर्वाह गर्ने नेपाल सरकार, प्रदेश सरकार,



स्थानीय तह, निर्वाचन अधिकृत, स्थानीय प्रशासन, निर्वाचनमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी, राजनीतिक दल, उम्मेदवार, मतदाता, पर्यवेक्षक, अन्तर र्राष्ट्रिय समुदाय, सञ्चारमाध्यम, निजी क्षेत्रलगायत सबै क्षेत्र र समुदायप्रति आभार व्यक्त गरेको छ । केही जिल्लाका मतदान केन्द्रमा विविध कारणवश केही समय मतदान कार्य रोकिएकामा राजनीतिक दल तथा उम्मेदवार र निर्वाचन प्रतिनिधिहरूसँगको छलफलपछि पुनः सञ्चालन भएको थियो ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनको सिलसिलामा निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याउने, मतपत्रको दुरुपयोग गर्ने, मतदानको प्रक्रिया उल्लङ्घन गर्ने, मतेपटिकामा अन्य वस्तु खसाल्ने, पटक पटक मतदान गर्न खोज्ने, मतपत्र नष्ट गर्ने, मतदानस्थल कब्जा गर्नेलगायतका कार्यमा संलग्न जोसुकैलाई (निर्वाचन कसुर तथा सजय) ऐन, २०७३ बमोजिम तत्काल कारबाही प्रारम्भ गर्न निर्देशन दिइएको बताउनुभयो ।

उहाँले मतदानका क्रममा कतिपय मतदान केन्द्रमा कर्मचारी र मतदाताको असावधानीका कारण प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको केही मतपत्र तोकिएको मतपेटिकामा नखसी अर्को मतपेटिकामा खसेको भन्ने गुनासो आएको छ । मतपेटिकामा रहेका ती सबै मतपत्रलाई मतगणनाका समयमा जनताको अभिमत खेर जान नदिने गरी राजनीतिक दल, उम्मेदवार र निर्वाचन प्रतिनिधिको छलफलका आधारमा जुन तहका लागि खसेको मत हो सोही तहतर्फ गणना गर्ने गरी प्रबन्ध मिलाइएको जनाउनुभयो ।

मतगणनाका सन्दर्भमा उत्पन्न हुन सक्ने विवाद वा अस्पष्टतालाई स्थानीयरूपमै छलफल गरी समाधान गर्न मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूलाई जिम्मेवार तुल्याइने र मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतबाट सोधनी भएका विषयमा आयोगले तत्काल सम्बोधन गर्ने जनाइएको छ ।

यसैगरी मतदान सम्पन्न भएका सबै मतदानस्थलबाट आइतबार साँझदेखि नै मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी भइरहेको छ । मतपेटिका मतगणनास्थलमा ल्याइसकेपछि दलीय सहमति जुटाई काठमाडौं उपत्यकालगायतकाक्षेत्रमारातिदेखि नै मतगणना सुरु गर्ने र अन्य स्थानमा मतपेटिका सुरक्षित साथ सङ्कलन भएपछि तत्काल मतगणना प्रारम्भ गर्न आयोगले निर्देशन दिइएको छ ।

## बाजुरामा गोली लागेर एकको मृत्यु, तीन घाइते

**रासस**

**काठमाडौं, ४ मंसिर**

बाजुरामा सुरक्षाकर्मीको गोली लागेर एकजनाको मृत्यु हुनाका साथै तीनजना गम्भीर घाइते भएका छन् ।

बाजुराको त्रिवेणी नगरपालिकाका नगरप्रमुख कर्णबहादुर थापाका अनुसार त्रिवेणी नगरपालिका-७ स्थित नाटेश्वरी आधारभूत विद्यालयमा रहेको मतदान केन्द्रमा प्रहरी र स्थानीयवासीबीच झडप हुँदा गोली लागेर स्थानीय सञ्जीव ऐडीको घटनास्थलमै मृत्यु भएको हो । उहाँका अनुसार सुरक्षाकर्मीको गोली लागेर स्थानीय परशुराम पाध्याय, खड्क ऐडी र प्रेम थापा गम्भीर घाइते भएका छन् । बाजुरा सदरमुकाम मार्तडीस्थित बडिमालिका-९ कालिका मावि मतदानस्थलमा समेत प्रहरीले हवाई फायर गरेको थियो । सो ठाउँमा नेपाली कांग्रेस र नेकपा (एमाले)का कार्यकर्ताबीच झडप भएको थियो । त्यसैगरी बाजुराको बूढीनन्दा नगरपालिका, बूढीगङ्गा नगरपालिकालगायतका केही पालिकामा विवाद भएपछि मतदानसमेत स्थगन भएको छ ।

बाजुराका सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्र विष्टले बाजुरामा मतदान स्थगन तथा त्रिवेणी नगरपालिकामा भएको घटनासम्बन्धमा जानकारी लिने कार्य भइरहेको बताउनुभयो ।

## शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न भएकामा सबैलाई धन्यवाद : प्रम देउवा

**रासस**

**काठमाडौं, ४ मंसिर**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन शान्तिपूर्ण एवं भयरहित वातावरणमा निष्पक्ष, धाँधलीरहित र उत्साहपूर्ण रूपमा सम्पन्न भएकोमा पार्टीका तर्फबाट सबैलाई धन्यवाद दिनुभएको छ ।

सभापति देउवाले प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका लागि आज सम्पन्न मतदानमा देशभर अत्यन्त उत्साहपूर्ण रूपमा मतदान भएको उल्लेख गर्नुभएको छ । संविधानसभाबाट संविधान जारी भएपछिका दिनमा संविधानको रक्षा र लोकतान्त्रिक पद्धतिको विकासका लागि आम नेपालीले जिम्मेवारीपूर्वक आफ्ना भूमिका निर्वाह गर्दै आएका छन् ।

यो आम निर्वाचनमा नेपाली जनताले आफ्नो नागरिक अधिकारको प्रयोग गरिरहँदा दशकौँदेखिको लोकतन्त्रप्रतिको साधना र समर्पण फेरि एकपटक उजागर भएको सभापति देउवाले बताउनुभएको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । मतदानमा भएको यो उत्साहपूर्ण सहभागिताले नेपाली नागरिकका मनमा रहेको लोकतन्त्रप्रतिको अगाध र अविचलित आस्था अभिव्यक्त भएको सभापति देउवाको भनाइ छ । आवधिक निर्वाचन लोकतन्त्रको अनिवार्य शर्त भएको उल्लेख गर्दै कांग्रेसले निर्वाचनबाट आउने परिणामले मुलुकलाई स्वाधीन, स्वाभिमानी र समुन्नत बनाउँदै लोकतान्त्रिक संस्कार र संस्कृतिमा आधारित समतामूलक समाज निर्माणमा सहयोग गर्नेछ भन्ने विश्वास पनि प्रधानमन्त्रीसमेत रहनुभएका सभापति देउवाले लिनुभएको छ । निर्वाचनमा अत्यन्त उत्साह, संयम र धैर्यका साथ सरिक भई अमूल्य मत खसाल्ने सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति उहाँले हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्नुभएको छ । निर्वाचनमा मतदाताको सक्रियता र उत्साहपूर्ण सहभागिताका साथ अमूल्य मत खसाल्नुभएकामा सरकार र राजनीतिक दललाई थप प्रेरणा दिएको कांग्रेसको भनाइ छ । निर्वाचनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र संस्थागत गर्न ठूलो योगदान पुऱ्याएको छ । शान्तिपूर्ण र भयरहित वातावरणमा निष्पक्ष र धाँधलीरहित निर्वाचन गराउन सफल भएकामा निर्वाचन आयोगलाई सभापति देउवाले विशेष धन्यवाद दिनुभएको छ । निर्वाचन सफल गराउन अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारी र सुरक्षा निकायलाई पनि उहाँले धन्यवाद दिनुभएको छ । निर्वाचनमा सहभागी राजनीतिक दल, सञ्चारकर्मी एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकप्रति समेत उहाँले धन्यवाद ज्ञापन गर्नुभएको छ । यसैगरी प्रधानमन्त्री देउवाले आज साँझ ट्वीट गर्दै देशभर शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएकोमा निर्वाचन आयोगलाई विशेष धन्यवाद दिनुभएको छ । उहाँले निर्वाचन सफल बनाउने कार्यमा खटिने कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, पर्यवेक्षक, सञ्चारकर्मीलगायतलाई पनि धन्यवाद दिनुभएको छ ।

"निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । यसका लागि निर्वाचन आयोगलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै निर्वाचन सफल गराउन अहोरात्र खटिनुभएका राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, राजनीतिक दल, सञ्चारकर्मी र पर्ववेक्षकहरूमा धन्यवाद तथा आभार व्यक्त गर्दछु", प्रधानमन्त्रीले ट्वीटमा लेख्नुभएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

**सूक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# अपेक्षाभन्दा कम मतदान

प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको मंसिर ४ गते भएको निर्वाचनमा करिव ६१ प्रतिशत मतदान भएको निर्वाचन आयोग जनाएको छ । निर्वाचन संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान पछि दोस्रोपटक भएको हो । निर्वाचनमा मतदाताको उत्साहजनका सहभागिता रहेको छैन । मतदानलाई सहज र शान्तिपूर्णरूपमा सञ्चालन गराउने प्रयासका बाबजुद सुर्खेत, नवलपरासीपूर्व, गुल्मी र बाजुरा जिल्लाका गरी १५ मतदानस्थलमा मतदान स्थगन भएको निर्वाचन आयोगले जनाएको छ । स्थगन वा रद्द भएका मतदान केन्द्रमा आवश्यक तयारी गरी दुई दिनभित्र पुनः मतदान गराउने निर्णय गर्न उपयुक्त प्रबन्ध मिलाइने आयोगले जनाएको छ ।

देशव्यापी रूपमा एकै चरणमा निर्वाचन सम्पन्न भएको छ । लोकतन्त्रलाई संस्थागत गर्ने महायज्ञरूपी यो निर्वाचन शान्तिपूर्ण, धाँधलीरहित, निष्पक्ष तथा पारदर्शी ढङ्गले सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ । राजनीतिक दल र राज्य संयन्त्रले हरेक तरहले आफ्नो पूरै ध्यान यसैमा केन्द्रित गरिएको छ । निजामती, शिक्षक, जङ्गी, प्रहरी, सशस्त्र तथा राष्ट्रिय अनुसन्धान हरेक तह र तप्काका राष्ट्रसेवक यो निर्वाचनलाई सफल बनाउन कार्यक्षेत्रमा क्रियाशील भएका थिए ।

मतदाताको विवेकपूर्ण स्वतन्त्र रूपमा प्रतिविम्बित गर्ने अवसर हो निर्वाचन । यसै पक्षलाई मनन गर्दै सरकारले आवश्यक सुरक्षा प्रबन्ध पनि गरेको थियो । निर्वाचनलाई शान्तिपूर्ण बनाउने प्रत्याभूत गर्न राज्यका चारवटै सुरक्षा निकाय परिचालित गरिएको थियो । सुरक्षाका दृष्टिकोणबाट सामान्य, संवेदनशील र अतिसंवेदनशील गरी तीन तहमा वर्गीकरण गरेर सोहीअनुरूपको सुरक्षा व्यवस्था अपनाइएको थियो । प्रभावकारी सुरक्षा व्यवस्थाकै कारण आममतदाताले बिना कुनै डर त्रास आफ्नो विवेकले मताधिकार गरेको निर्वाचन आयोगले बताएको छ । सुरक्षा निकायको सकृयतामा शंकास्पद वस्तु निश्कृय पार्ने काम भएको छ । देशभर झन्डै ११ हजार मतदान स्थल तोकिएकोमा चारैवटा सुरक्षा निकायबाट यी मतदान स्थलमा महत्वपूर्ण सूचना संकलन, विश्लेषण, घुम्ती तथा निगरानी टोली परिचालन गरिएका थिए ।

निर्वाचनको पर्यवेक्षण गर्न स्वदेशी तथा विदेशी पर्यवेक्षकको टोली मतदान स्थलमा पुगेका थिए । निर्वाचनको निष्पक्षतामा शंका गर्ने स्थिति आउन नदिन आयोगले तटस्थ भएर पर्यवेक्षण गर्न आग्रह गरेको थियो । मतदाताले देशको स्वाधीनता,लोकतन्त्रको सवलीकरण गर्ने उत्सवका रूपमा लिनुपर्नेमा त्यती चासो देखाएको यस निर्वाचनमा पाइएको छैन । आममतदाताको एक मतले मुलुकको भाग्य र भविष्यको मार्ग प्रशस्त हुने अवसर हो । मतदाताहरूले आफ्नो बुद्धि, विवेक प्रयोग गरेर आगामी पाँच वर्षका लागि प्रतिनिधि चुन्ने मात्र होइन राष्ट्रियता बलियो बनाउने, राजनीतिक स्थिरता, लोकतन्त्र र संविधानको कार्यान्वयन गर्ने र भ्रष्टाचाररुपी कुशासन हटाउने यो अनुपम अवसर हो । आममतदाताको अत्यधिक सहभागिता नरहेको कारणले निर्वाचनको गरिमा र विश्वसनीयतामा सकारात्मक प्रभाव पारेको देखिदैन । संविधान सभाले २०७२ मा निर्माण गरेको संविधानपछि यो दोस्रो आमनिर्वाचन भएकोले विगतका कमीकमजोरी सुधार गर्दै देशमा बलियो राष्ट्रिय शक्ति निर्माण गर्न सक्षम र योग्य देशभक्त छानिने अपेक्षा गरिएको छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : सहयोग मिल्नेछ |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : सम्मान मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मन चञ्चल | मीन | : मानसिक तनाव |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# ९० वर्षीया वृद्धाद्धारा मतदान

**पोखरापत्र संवाददाता**
**दमौली, ४ मंसिर**

तनहुँको व्यास नगरपालिका-५ पतेनी निवासी ९० वर्षीया जगतमाया न्यौपानेले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको लागि मतदान गर्नुभएको छ ।

उहाँले सोही वडाको ढूलोटारस्थित उदय माध्यमिक विद्यालय मतदान केन्द्र (क) बाट आइतबार मतदान गर्नुभएको हो । घरदेखि पाँच सय मिटर दूरीमा अवस्थित न्यौपाने परिवारको साथमा मतदान केन्द्र पुग्नुभएको थियो । मतदान गरेपछि न्यौपानेले जनताले आफ्ना जनप्रतिनिधि चयनका लागि मतदान गर्नुपर्ने बताउनुभयो ।

# म्याग्दीमा १०७ वर्षीय वृद्धले मतदान गर्नुभयो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ मंसिर**

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन अन्तर्गत आइतबार म्याग्दीमा एक सय सात वर्षीय वृद्धले मतदान गर्नुभएको छ ।

मालिका गाउँपालिका-२ रुमका जसमनी कामीले राष्ट्रिय माविको (क) मतदान केन्द्रबाट मतदान गर्नुभएको मतदान अधिकृत ईश्वरबहादुर भण्डारीले जानकारी दिनुभयो ।

म्याग्दीका एक सय २० वटै मतदान केन्द्रमा आइतबार बिहान ७ बजेदेखि मतदान सुरु भएको छ । म्याग्दीमा ८६ हजार मतदाता छन् । यहाँ प्रतिनिधिसभामा एक र प्रदेशसभामा दुई वटा निर्वाचन क्षेत्र छन् ।

# इलाममा एक सय १५ वर्षीय वृद्धद्वारा मतदान

**रासस**
**काठमाडौं, ४ मंसिर**

इलाममा एक सय १५ वर्षीय वृद्धले मतदान गर्नुभएको छ । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको जारी निर्वाचनमा फाकफोकथुम गाउँपालिका-७ सिकारी भञ्ज्याङका मनबहादुर राईले मतदान गर्नुभएको हो ।

फाकफोकथुम-७ स्थित सिंहदेवी मावि केन्द्रमा उहाँले मतदान गरेको जिल्ला प्रहरी कार्यालय इलामले जानकारी दिएको छ । उहाँको नागरिकतामा जन्ममिति विसं १९६४ लेखिएको छ । तत्कालीन एकतप्पा गाउँ पञ्चायत-५ मा उहाँको जन्म भएको हो । यस्तै प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको जारी निर्वाचनमा इलाममा किरियापुत्रीलेपनिमतदानगर्नुभएको छ । सन्दकपुर गाउँपालिका र इलाम नगरपालिकामा किरियापुत्रीले मतदान गर्नुभएको हो ।

सन्दकपुर-३ को युवा आधारभूत विद्यालयबाट जनार्दन उप्रेती, बालकृष्ण उप्रेतीलगायत १० किरियापुत्रीले मतदान गर्नुभएको हो । उहाँहरूका बुवा देउताराम उप्रेतीको तीन दिनअघि निधन भएको थियो । इलाम नगरपालिका-५, बरबोटेका किरियापुत्री तुलसी बराल र उहाँकी धर्मपत्नी तारा बरालले समेत स्थानीय गुरुकुल विद्यालय केन्द्रबाट मतदान गर्नुभएको छ । तुलसीका बुवा गायत्री बरालको चार दिनअघि निधन भएको थियो ।

# बाजुरामा ठूलो दुर्घटना हुनबाट रोकियो : गृह मन्त्रालयल

**रासस**
**काठमाडौं, ४ मंसिर**

गृहमन्त्रालयले सुरक्षाकर्मीको संयमताले बाजुरामा ठूलो दुर्घटना हुन नपाएको बताएको छ ।

गृह सचिव विनोदप्रकाश सिंहले बाजुराको त्रिवेणी नगरपालिका-७ स्थित नाटेश्वरी आधारभूत विद्यालयको मतदान केन्द्रमा मतपेटिका खोस्न थालेपछिको उत्पन्न परिस्थिति नियन्त्रणमा लिने क्रममा संयमता अपनाउँदा अपनाउँदै एकजनाको मृत्यु भएको र प्रहरीसहित केही व्यक्ति घाइते भएको जानकारी दिनुभयो । मृत्यु हुनेमा स्थानीय सञ्जीव ऐडी रहेको जनाइएको छ । आठ प्रहरी र आठजना निर्वाचन कर्मचारीलाई घेराउ गरेर ढुङ्गामुढा गरी मतपेटिका खोस्न थालेपछि प्रहरीले बाध्य भएर स्थिति नियन्त्रणमा लिन खोज्दा गोली लागेर एकजनाको मृत्यु भएको सूचना आएको जानकारी दिँदै उहाँले घटनाको अनुसन्धानपछि सत्यतथ्य सार्वजनिक हुने बताउनुभयो ।

उहाँले प्रहरीले पूर्ण अधिकार प्राप्त हुँदाहुँदै पनि धेरै संयमता अपनाएका कारण ठूलो दुर्घटना हुन नपाएको पनि बताउनुभयो । दुई पक्षीय विवाद भएको र मतपेटिका नै खोस्न थालेपछि घटना हुन पुगेको उहाँको भनाइ छ । स्थानीयले ढुङ्गा र बाँसले हानेर केही प्रहरीसमेत घाइते भएका उहाँले बताउनुभयो । उहाँले बाजुरा, सुर्खेतलगायत केही क्षेत्रमा मतदान स्थगित भएको र कतै दुई पक्षीय झडप, त कतै विवाद भएको जानकारी आएको पनि बताउनुभयो । अन्य क्षेत्रमा शान्तिपूर्ण रूपमा मतदान भएको तर सबै जिल्लाको विस्तृत विवरण भने आउने क्रममा रहेको सचिव सिंहले जानकारी दिनुभयो । बाजुराका सहायक प्रजिअ लोकेन्द्रबहादुर विष्टले उक्त घटनामा एकजनाको मृत्यु भएको र दुई घाइतेलाई हेलिकप्टरमार्फत उद्धार गरी सुर्खेत पठाइएको जानकारी दिनुभयो ।

# मतदान केन्द्रमा वृद्धको निधन

**रासस**
**काठमाडौं, ४ मंसिर**

तेह्रथुममा मतदान गर्न मतदान केन्द्रमा पुगेका एक वृद्धको निधन भएको छ ।

लालीगुराँस नगरपालिका-८ सोल्मास्थित रत्न मावि मतदान केन्द्रमा भोट हाल्न पुग्नुभएका ८८ वर्षीय योङहाङ दीप लिम्बूको मतदान केन्द्रमै निधन भएको हो । रत्न मावि मतदान केन्द्रको गेटमा पुगेपछि लिम्बू लड्नुभएको थियो । वृद्ध उच्च रक्तचापको बिरामी रहेको प्रमुख जिल्ला अधिकारी मोहनप्रसाद अर्यालले जनाकारी दिनुभयो ।

# कांग्रेस पहिलो पार्टी बन्छ : उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ मंसिर**

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले आइतबार सम्पन्न भएको निर्वाचनबाट नेपाली कांग्रेस पहिलो पार्टी बन्ने दाबी गर्नुभएको छ ।

स्याङ्जा क्षेत्र नं २ को प्रतिनिधिसभाका उम्मेदवारसमेत रहनुभएका नेता गुरुङले स्याङ्जासहित देशभर नै कांग्रेसको पक्षमा उत्साहजनक जनलहर रहेकाले कांग्रेस पहिलो पार्टीका रूपमा संसद्मा उपस्थित हुने बताउनुभयो । सङ्क्षिप्त प्रतिक्रिया दिनुहुँदै उहाँले स्याङ्जाका मतदानस्थलहरूमा पुग्दा कांग्रेसको पक्षमा मतदाताहरू सकारात्मक रहेको पाएको बताउनुभयो । "स्याङ्जाका केही ठाउँमा सामान्य विवाद, भैभगडाहरू भएका छन्, असामान्य केही पनि भएको छैन र निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न भएको छ", उहाँले भन्नुभयो, "स्याङ्जामा जस्तै देशैभर मतदाताहरूमा कांग्रेस पार्टीप्रति यही खालको सकारात्मक उत्साह र परिणाम छ भन्ने विश्वासमा छु, तसर्थ संसद्मा नेपाली कांग्रेस पहिलो पार्टीका रूपमा उपस्थित जनाउँछ ।"

मतदानलाई सफलतापूर्वक सम्पन्न गराउन सहयोग गर्ने मतदाता, निर्वाचनमा खटिनुहुने कर्मचारीलगायत सबैप्रति उहाँले आभार प्रकट गर्नुभएको छ ।

# अध्यक्ष तिमिल्सिनाद्वारा मतदान

**पोखरापत्र संवाददाता**
**पर्वत, ४ मंसिर**

राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पर्वतको मोदी गाउँपालिकास्थित वडा नं ७ राम्जाको पशुपति मावि 'क' केन्द्रबाट मतदान गर्नुभएको छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको मतदान पछि उहाँले निर्वाचनमा निर्भिकताका साथ मतदान केन्द्रमा पुगेर आफ्नो मताधिकार प्रयोग गर्न सम्पूर्ण मतदातालाई आग्रह समेत गर्नुभयो । पर्वतमा मुख्य निर्वाचन अधिकृत आनन्दप्रसाद श्रेष्ठले पहिलो मतदान गरी जिल्लाभर मतदान प्रक्रियाको शुभारम्भ गर्नुभएको छ । उहाँले कुश्मा नगरपालिकास्थित कुश्मा बजारमा रहेको अस्थायी मतदान केन्द्रबाट प्रतिनिधिसभा सदस्यको समानुपातिक मतपत्रमा मतदान गरी मतदान कार्यक्रमको सुरुआत गर्नुभएको हो ।

यसैगरी प्रतिनिधिसभा सदस्यका उम्मेदवार पदम गिरीले कुश्मा नगरपालिका-३ दुर्लुङको काफलचौर मावि, अर्का उम्मेदवार अर्जुनप्रसाद जोशीले कुश्मा नगरपालिका-४ मा रहेको नारायण माविबाट मतदान गर्नुभएको छ भने प्रदेशसभातर्फ क्षेत्र नं १ मा एमालेका उम्मेदवार भक्त कुँवरले मोदी गाउँपालिका-५ मा रहेको महेन्द्रशिखरी मावि बाजुङ र गठबन्धनका उम्मेदवार सुदीप कुँवरले कुश्मा-१२ ढूलीपोखरीमा रहेको जनता सुदर्शन माविबाट मतदान गर्नुभएको छ । त्यसैगरी प्रदेशसभा क्षेत्र २ का उम्मेदवार मित्रलाल बस्यालले पैयुँ-४ मा रहेको जनसेवा संस्कृति मावि हुवास मतदान केन्द्र र अर्का उम्मेदवार ऋषिकेश तिवारीले फलेबास-४ मा रहेको माटेदेवल माविबाट मतदान गर्नुभएको छ ।

जिल्लामा निर्वाचनका लागि कूल ७६ मतदानस्थलका एक सय ५० मतदान केन्द्र तय गरिएका छन् । यस पटकको निर्वाचनमा पर्वतमा ६० हजार छ सय ५१ पुरुष र ६१ हजार नौ सय ९८ महिला गरी कूल एक लाख २२ हजार छ सय ४९ मतदाता रहेका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयसहितको सुरक्षा संयन्त्रले पर्वतमा ३५ मतदानस्थल अतिसंवेदनशील, ३१ मतदानस्थल संवेदनशील र १० मतदानस्थललाई सामान्य सूचीमा वर्गीकरण गरेको छ ।

# हिमाली गाउँका मतपेटिका हेलिकप्टरमार्फत ल्याउने तयारी

**रासस**
**काठमाडौं, ४ मंसिर**

ताप्लेजुङका हिमाली गाउँका मतपेटिकाहरू सोमबार मात्र सदरमुकाम ल्याउने तयारी भएको छ ।

फक्ताङलुङ गाउँपालिकामा पर्ने हिमाली बस्तीहरू घुन्सा, ग्याब्ला, याङ्मा र ओलाङ्चुङगोलाका मतपेटिका सोमबार बिहान हेलिकप्टरमार्फत ल्याउने तयारी भएको मुख्य निर्वाचन अधिकृत निर्मला योङ्याले जानकारी दिनुभयो ।

भौगोलिकरूपमा विकट यी ठाउँमा पैदल हुँदै पुग्न चार दिनसम्म लाग्ने भएकाले हेलिकप्टरमार्फत मतपेटिका ओसार्नुपर्ने बाध्यता रहेको हो । फक्ताङलुङ गाउँपालिका-७ स्थित याङ्मा पुग्न नै सदरमुकामबाट चार दिनको समय लाग्छ ।

यसअघि सो ठाउँमा आइतबार सम्पन्न निर्वाचन गराउन गएको कर्मचारीको टोली चार दिनमा मात्र पुगेको थियो । यी चार मतदान केन्द्रका मतपेटिका हेलिकप्टरमार्फत ल्याउन निर्वाचन आयोग र गृह मन्त्रालयसँग समन्वय भएको जनाइएको छ । निर्वाचन सकिएलगत्तै ल्याउन साँझको समय पर्ने भएकाले सोमबार ल्याउने तयारी भएको प्रमुख जिल्ला अधिकारी महेशकुमार पोखरेलले जानकारी दिनुभयो ।

करिब चार हजार दुई सय मिटरको उचाइमा पर्ने याङ्माको मतदान केन्द्रमा ६१ मतदाता छन् । यहाँ आइतबार भएको निर्वाचनमा १२ मत खसेको बताइएको छ । यहाँ करिब ४१ प्रतिशतको हाराहारीमा मतदान भएको अनुमान गरिएको छ । वास्तविक तथ्याङ्क भने सङ्कलन भइरहेको निर्वाचन कार्यालयले जनाएको छ । जिल्लामा कूल मतदातामध्ये पुरुष ४७ हजार ८० र महिला ४१ हजार दुई सय पाँच रहेका छन् । जम्मा एक सय २३ वटा मतदान केन्द्रबाट निर्धारित समयमा नै मतदान सुरु भएको थियो । प्रतिनिधिसभा सदस्य पदमा नेकपा (एमाले) का योगेशकुमार भट्टराई र गठबन्धनका तर्फबाट नेकपा (माओवादी केन्द्र) का खेलप्रसाद बुढाथोकी (पराग) बीच मुख्य प्रतिस्पर्धा छ । यस्तै प्रदेशसभा क्षेत्र (१) मा एमालेका तिलकुमार मेन्याङ्बो र गठबन्धनका तर्फबाट नेकपा (एकीकृत समाजवादी) का खेमबहादुर वनेमबीच प्रतिस्पर्धा छ । यस्तै प्रदशसभा क्षेत्र (२) मा एमालेका गोपाल थोप्रा र गठबन्धनबाट नेपाली कांग्रेसका खगेनसिं हाङ्गामबीच प्रतिस्पर्धा छ । सङ्घ र प्रदेशमा गरी २६ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

# म्याग्दीमा मतगणनास्थल तयार

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ मंसिर**

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको म्याग्दीमा मतगणनास्थल तयार पारिएको छ ।

जिल्ला समन्वय समितिको सभाहलमा स्थापना भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सिसीटिभी क्यामेरा र तारजालीसहितको मतगणनास्थल बनाइएको हो । मतगणनास्थलको सबै दृष्य क्यामराले कैद गर्ने र गणकबाहेक अन्यको पहुँच नहुने गरी तारजाली लगाइएको सहायक निर्वाचन अधिकृत तेजप्रसाद पौडेलले बताउनुभयो ।

मतगणनास्थलमा सुरक्षा पोष्ट, उम्मेदवार र दलका प्रतिनिधि तथा मिडिया कक्षका लागि छुट्टै कक्ष स्थापना गरिएको उहाँले बताउनुभयो । गणनास्थलमा सिसीटिभी क्यामर इसहित भरपर्दो सुरक्षाको प्रबन्ध मिलाइएको छ । मतगणना हुने ठाउँमा बाहिरबाट कोही पनि भित्र पस्न नसकुन् भनेर तारजाली लगाइएको हो । मतगणनामा बस्ने उम्मेदवारका प्रतिनिधिले बाहिरबाट भित्र मतगणना हेर्न मिल्ने गरी तारजाली लगाइएको छ । कोही फड्किएर मतपत्र भेट्न सक्देनन् । मतदानस्थलबाट मतपेटिका सङ्कलन पनि जिल्ला समन्वय समितिकै सभाहलमा गरिने भएको छ । बयासी मतदानस्थलमा एक सय १९ मतदान केन्द्र रहेको जिल्लामा ८६ हजार मतदाता छन् । सबै मतदान केन्द्रमा बुथ निर्माणलगायत सबै तयारी पूरा भएको जिल्ला निर्वाचन अधिकारी भीमप्रसाद घिमिरेले बताउनुभयो । आइतबार बिहान ७ देखि साँझ ५ बजेसम्म मतदानको समय तोकिएको छ । छ स्थानीय तह र ४५ वडा रहेको जिल्लामा प्रतिनिधिसभामा एक र प्रदेशसभामा दुई निर्वाचन क्षेत्र छन् ।

# सक्रिय राजनीतिमा आउने कलाकारको संकेत

**रासस**
**काठमाडौं, ४ मंसिर**

आइतबार सम्पन्न भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा कलाकर्मीहरूले आफ्नो नजिकको मतदान केन्द्रमा मतदान गरेका छन् । मतदान गरिसकेपछि केही कलाकारले आउँदो निर्वाचनमा उम्मेदवारी दिने सङ्केत गरेका छन् ।

अभिनेता राजेश हमालले लैनचौरस्थित जननाथ स्मृति मावि केन्द्रबाट मतदान गरेपछि सञ्चारकर्मीलाई चुनाव लड्ने सङ्केत गर्नुभएको छ। "यो चुनावले राजनीतिमा परिवर्तन ल्याउने बुझाइ मेरो छ । पाँच वर्षमा मलाई पनि उम्मेदवारका रूपमा देख्नुहुनेछ", अभिनेता हमालले भन्नुभयो । अभिनेत्री करिश्मा मानन्धरले महाराजगञ्जस्थित काठमाडौं महानगरपालिका-३ को वडा कार्यालयमा रहेको केन्द्रबाट मतदान गर्नुभयो । उहाँले सञ्चारकर्मीसँग कुराकानी गर्दै कलाकारहरू सक्रिय राजनीतिमा आएको राम्रो रहेको बताउनुभयो । "अहिले जतिले स्थान पाउनुभएको छ, त्यो आउँदो समयमा बढ्नेछ । अर्थात् कलाकार सक्रिय राजनीतिमा आउने क्रम बढ्नेछ", अभिनेत्री केसीले भन्नुभयो ।

चलचित्र विकास बोर्डको अध्यक्षसमेत रहनुभएका अभिनेता भुवन केसीले काठमाडौं क्षेत्र नं २ स्थित गुह्येश्वरी मावि केन्द्रमा मतदान गरेपछि आफ्नो चाहना सक्रिय राजनीति रहेको जानकारी दिनुभयो । उहाँले पार्टीले दिएको मौकाको सदुपयोग गर्दै आउँदो पाँच वर्षपश्चात् प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यमा उम्मेवारी दिने निश्चय रहेको बताउनुभयो । कलाकार निर्मल शर्माले काठमाडौं क्षेत्र नं ४ को सिफल मतदान केन्द्रमा, निर्माता तथा अभिनेता दीपकराज गिरीले काठमाडौं क्षेत्र नं ९ को दहचोक खहरे केन्द्रमा, अभिनेत्री केकी अधिकारीले काठमाडौं क्षेत्र नं ३ को अत्तरखेलस्थित लिटिल बर्ड स्कुल केन्द्रमा मतदान गर्नुभएको छ । हास्यकलाकार शिवशङ्कर रिजाल 'जोगिन्दर'ले सर्लाही-४ स्थित बरहथवा नगरपालिका-१५ मा रहेको मतदान केन्द्रबाट मतदान गरेपछि दलहरूले कलाकारलाई उचित स्थान दिनुपर्ने बताउनुभयो ।

"हामी प्रचारप्रसारमा मात्र नभई सक्रिय राजनीतिमार्फत कला, संस्कृति र फिल्मको क्षेत्रमा नीतिगतसहित विभिन्न काम गर्न सक्छौं । हामीलाई उचित स्थान दलले दिने पर्छ", हास्यकलाकार रिजालले भन्नुभयो ।

निर्वाचनमा मह जोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले भोट गर्न पाउनुभएन । उहाँहरू कार्यक्रमका लागि संयुक्तराज्य अमेरिका रहेकाले यसपटक मतदानमा सहभागी नहुनु भएको हो । 'नाईं नभन्नु ल ६' फिल्मको छायाङ्कनमा व्यस्त हुनुपरेकाले अभिनेत्री आँचल शर्मा यसपटक भोट हाल्नबाट वञ्चित हुनुभयो ।

# जन्मदिनमा पोखरा बृद्धाश्रमलाई खाद्यान्न वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ मंसिर**



जन्मदिन होटल तथा घरमै भोजभतेर जस्ता फजुल खर्च गरेर होईन असहाय, विपन्न आश्रित आश्रमलाई सहयोग गरेर मनाउन सकिन्छ भन्ने यहाँको एक परिवारले उदाहरण दिएको छ ।

रोजगारको सिलसिलामा हङकङमा रहनु भएका देवचन्द्र गुरुङ र सावित्री गुरुङले आफ्नो छोरा सम्राट गुरुङको १० औं जन्मदिनको अवसरमा पोखरा वृद्धाश्रमलाई खाद्यान्न सहयोग गरेर सबैका लागि अनुकरणीय बन्नु भएको हो ।

सो अवसरमा चामल, दाल, नून, तेल, साबुन लगायतका विभिन्न सामाग्री सहित आश्रममा आश्रित जेष्ठनागरिक र सेवक सेविकालाई हातहातमा विस्कुट, फलफुल र चाउचाउ गरि कूल ३५ हजार मूल्य बराबरको सामाग्री वितरण गरिएको थियो ।

पोखरा १७ घारीपाटनमा वस्ने हङकङमा अध्ययनरत सम्राटका हजुर बुबा लक्ष्मण गुरुङ र हजुर आमा मनकुमारी गुरुङ सहित आफन्त जनको टोलीले उक्त खाद्यान्न पोखरा बृद्धाश्रमका सेविका लक्ष्मी सुवेदीलाई हस्तान्तरण गर्नुभएको हो । कार्यक्रममा खाद्यान्न सामाग्री हस्तान्तरण गर्दै सम्राटका हजुर बुबा लक्ष्मण गुरुङले पोखरा बृद्धाश्रमलेले समाजका असहाय, विपन्न र बेवारिसे अवस्थामा रहेका समाज जेष्ठनागरिकको संरक्षण गरेर राज्यको दायित्व पुरा गरेको स्मरण गर्नुभयो ।

आफ्ना सुख र दुःखका जस्तो सुकै अवस्थामा भएर पनि अनावश्यक खर्च गर्नुभन्दा यस्ता आश्रममा सहयोग गर्दा पुण्य प्राप्ति हुने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो जेष्ठनागरिकको लागि बृद्धाश्रम बुढेसकालको लौरो बनेको छ। बृद्धाश्रममा हाल २२ जना बुबा र २६ जना आमाहरु आश्रित रहनु भएको बताउँदै सेविका सुवेदीले आश्रम सरकारी नभई सहयोगि मनहरुको सहयोगबाट सञ्चालन हुँदै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा सञ्चारकर्मी हरि बास्तोलाले आफुलाई जन्मदिने आमा बुबालाई समेत घरमा उचित मायाममता दिने नसक्ने हाम्रो समाजमा विभिन्न जिल्ला र संस्कारबाट आएका जेष्ठनागरिकको संरक्षक बनेर पोखरा बृद्धाश्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

आश्रममा आश्रित बुबाआमाले सम्राटलाई सुस्वास्थ्य, दिर्घजिवन र उत्तरोत्तर प्रगतिको कामना सहित आशिर्वाद प्रदान गर्नुभएको थियो ।

# बालाचतुर्दशी, पशुपतिनाथ मेला

**रासस**
**काठमाडौं, ४ मंसिर**

प्रत्येक वर्ष मार्गशीर्षकृष्ण त्रयोदशीका दिन पशुपति क्षेत्रमा दिवङ्गत पितृको सद्गतिको कामना गर्दै पशुपतिनाथलगायत देशभरका शिवालयमा गरिने महादीपदान पर्व आज मनाईंदैछ। यसअन्तर्गत पितृका नाममा बत्ती बाल्न बिहानैदेखि पशुपति क्षेत्रमा भक्तजनको भीड सुरु हुन्छ । त्रयोदशीको बिहानदेखि मेला भएका भक्तजनले बेलुकी विधिपूर्वक पितृका नाममा बत्ती बाल्छन् । चतुर्दशीका दिन बिहान भने दिवङ्गत पितृको सद्गतिको कामना गर्दै सतबीज छरिन्छ । त्रयोदशीको बेलुकीदेखि दिवङ्गत पितृका नाममा अखण्ड महादीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै सतबीज छर्छन् ।

यस अवसरमा पशुपतिनाथ मन्दिरलगायत देशभरका शिवमन्दिरमा भक्तजनको भीड लाग्छ । बालाचतुर्दशीको अघिल्लो रात सोमबार दिवङ्गत पितृका नाममा महादीपदान गर्न लाखौं भक्तजन आएर रातभर जाग्राम बसेका छन् । सोमबार रातभर दीपदान गरी बसेका भक्तजनले मङ्गलबार बिहानै पितृको सम्झनामा सतबीज छरी बालाचतुर्दशी पर्व मनाउँछन् । प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिनाथमा आउँछन् । यसरी आएका श्रद्धालु भक्तजनको मार्गशीर्ष कृष्ण त्रयोदशीको बिहानैदेखि पशुपति क्षेत्रमा भीड लाग्ने गर्छ । बत्ती बाल्न बस्ने ठाउँ रोक्न बिहानैदेखि देशका विभिन्न स्थानबाट आएका भक्तजनको पशुपतिमा भीड लाग्ने गरेको हो । जाडोको मौसम भएकाले पाललगायत व्यवस्था गरिएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । पशुपति क्षेत्रमा सोमबार बिहानैदेखि सुरक्षाकर्मी लगायतको बाक्लो उपस्थिति रहने गरी व्यवस्था मिलाइएको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो ।

आफ्नो परिवारभित्रका दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै एक सय आठ शिवलिङ्ग, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुह्येश्वरी, पशुपति, मृगस्थली, विश्वरूप र किरातेश्वर आदि ठाउँमा सतबीज छर्ने गरिन्छ । बालाचतुर्दशीको पूर्वसन्ध्या मार्गशीर्ष कृष्ण त्रयोदशीका दिन राति भक्तजनले पशुपतिनाथको मन्दिरवरपर बसी दिवङ्गत आत्माका नाममा महादीप बाली भजनकीर्तन र लोक झाँकी प्रस्तुत गरी रात बिताउँछन् ।

सतबीज भनिए पनि हाल सप्तबीज (धान, जौ, तिल, गहुँ, चना, मकै, कागुनो) छर्दै मृगस्थलीमा रहेका बहिरा गणेश नजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवङ्गत आत्माले पाउने गरी सन्देश पुऱ्याउन अनुरोध गरिन्छ । हेमाद्रि नामक धर्मग्रन्थमा उल्लेख गरिएअनुसार सतबीज भन्नाले धानका सय गेडा छर्नुपर्ने अरू अन्न होइन भन्नुहुन्छ धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतम । "भगवान् शिव मृगरूप लिएर घुम्नुभएको पुण्य क्षेत्रमा आजका दिन एक गेडा बीज छर्दा एक गेडा सुन दान गरेबराबरको पुण्य मिल्ने र दिवङ्गत आत्माले पनि मुक्ति पाउने चर्चा विभिन्न धर्मग्रन्थमा गरिएको छ", उहाँले भन्नुभयो ।

वाग्मती किनारको मृगस्थलीमा भगवान् शिव मृगरूप धारण गरेर विहार गर्नुभएको थाहा पाई त्यस शिवरूपी मृगलाई चिन्न पार्वतीले विभिन्न किसिमको बीज छरेको र ती बीज उम्री हरिया भएपछि मृगरूप आउँदा सो बथानमा भगवान् शिवलाई पार्वतीले चिन्न सकेको किंवदन्ती छ ।

यसैगरी बालाचतुर्दशीसँग जोडिएको अर्को एउटा कथा पनि छ । सो कथाअनुसार उहिले पशुपतिको मुर्दाघाटमा बस्ने 'बालानन्द' नामका एक मानिस खाजा खान लाग्दा त्यसै बखत पोलिएको शवको टाउको फुट्न गई उछिट्टिएको गिदी उनको च्युरामा परेको थियो । सो गिदीसँगै च्युरा खाँदा झन् मीठो भएकाले त्यसै बेलादेखि उनी मुर्दाको गिदी खान पल्किए ।

त्यसपछि मानिसको गिदी खाने तथा लामालामा दाह्री, जुँगा र कपालले गर्दा मानिस डराई उसलाई बालासुर राक्षस भन्न थालेको र त्यसै बखत उसको राम्रो परिचय पाएका एकजना थकाली बूढाको सल्लाहअनुसार स्थानीय बासिन्दाले बालासुरको मित वृषसिंहमार्फत उसलाई मार्न लगाएको कथा पनि प्रचलित छ । आफ्ना मितको हत्याबाट छट्पटाएका वृषसिंहलाई एक रात सपनामा भगवान् शिवजीले दर्शन दिई सतबीज छर्ने आज्ञा दिनुभएको थियो । मार्गकृष्ण चतुर्दशीका दिन श्लेषमान्तक वनको वरिपरि सतबीज छर्दा बालासुर वैतरणी तरेर गएकाले त्यसै बेलादेखि यस दिनलाई बालाचतुर्दशी भनी दिवङ्गत आत्माको शान्तिका लागि सतबीज छर्ने गरिएको हो ।

माता पिता दिवङ्गत भई एक वर्ष पूरा नभएकाले भने शास्त्रीय रूपमा दीपदान एवं सतबीज रोपण गर्नुहुने धर्मशास्त्रविद् गौतमले सुनाउनुभयो । धर्मसिन्धु नामक ग्रन्थमा बरखी बारेकाले शिवको पूजाआजा त परको कुरा नामसमेत लिनु नहुने उल्लेख गरिएको छ । यस अवसरमा पशुपति क्षेत्र पुग्ने भक्तजनले वासुकी र गुह्येश्वरीको पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको जनाइएको छ ।

# तारजाली र सिसी क्यामेरासहितको मतगणनास्थल तयार

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ मंसिर**

बागलुङमा मतगणनाका लागि दुई स्थानमा सुरक्षित तरिकाले मतगणनास्थल तयार पारिएको छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्ला समन्वय समितिको कार्यालय बागलुङ बजार र निर्वाचन अधिकृतको कार्यालयले बुर्तिबाङ नयाँ सहरी आयोजनाको कार्यालयमा मतगणनास्थल तयार पारेको छ ।

जिल्लामा दुई स्थानमा मतगणनाका लागि सिसी क्यामेरा जडानसँगै तारजालीको समेत व्यवस्थापन गरिएको छ । मतगणना स्थलमा सुरक्षा चुनौतीलाई मध्यनजर गरेर तारजाली र सिसी टिभी क्यामरा जडान गरिएको मुख्य निर्वाचन अधिकृत डा दिवाकर भट्टले जानकारी बताउनुभयो ।

उहाँका अनुसार मतपेटिका राख्ने कोठा र मतगणना गर्ने कोठामा सिसी टिभी क्यामेरा जडान गरिएको छ भने गणनास्थलमा तारजालीको व्यवस्था मिलाइएको छ ।

यस्तै मतगणनास्थलमा दलका उम्मेदवार र प्रतिनिधिलाई बस्ने व्यवस्था तारजालीभन्दा बाहिर मिलाइएको छ । मतगणनास्थलको सुरक्षासँगै हुन सक्ने सम्भावित घटनाबाट बच्न तारजाली र सिसी टिभी क्यामेराबाट निगरानी गर्नुपरेको मुख्य निर्वाचन अधिकृत भट्टले जानकारी दिनुभयो ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतगणनाका लागि जिल्ला समन्वय समितिको सभाहलमा तीन स्थानमा र निर्वाचन अधिकृतको कार्यालयले बुर्तिबाङ नयाँ सहरी आयोजनाको कार्यालयमा दुई स्थानमा मतगणना गर्ने जनाएका छन् । मुख्य निर्वाचन अधिकृत भट्का अनुसार मत परिणाम छिटो सार्वजनिक गर्नका लागि क्षेत्र नं १ को तीन स्थान र क्षेत्र नं २ को दुई स्थनामा मत गणना गर्ने व्यवस्था गरिएको हो ।

भट्टले क्षेत्र नं १ को प्रतिनिधिसभा र प्रदेशसभा सदस्य र समानुपातिकतर्फको मतगणना जिल्ला समन्वय समितिको सभाहलमा गरिने बताउनुभयो । उहाँले सभाहलभित्र तीन स्थानमा मतगणना गर्ने गरी व्यवस्था मिलाइएको जानकारी दिनुभयो । मतगणना स्थानमा प्रत्येक टोलीमा एकजना निर्वाचन अधिकृत, दुईजना गणक र एकजना कार्यालय सहयोगीको व्यवस्था गरिएको छ । मतगणनास्थलको सुरक्षाका लागि १० जनाको नेपाल प्रहरीको टोली र त्यसबाहिर सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले सुरक्षा गर्नेछ ।

यस्तै निर्वाचन अधिकृतको कार्यालय बुर्तिबाङका सहायक निर्वाचन अधिकृत ऋषिराम रिजालले बुर्तिबाङ नयाँ सहरी आयोजनाको सभाहल क्षेत्र नं २ तर्फको मतगणना गर्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो । उहाँका अनुसार मतगणनास्थल रहेको सभाहलमा दुई स्थानमा मतगणना गर्ने व्यवस्था मिलाइएको छ । दुवै स्थानमा मतगणनाका लागि तयारी सम्पन्न भएको बताइएको छ ।

जिल्लामा दुई निर्वाचन क्षेत्रमा एक लाख ९२ हजार दुई सय २७ मतदाता रहेका छन् । दुई प्रतिनिधिसभा सदस्य र चार प्रदेशसभा सदस्यका लागि ३१ जना चुनावी मैदानमा रहेका छन् ।

# प्रत्यक्ष र समानुपातिकर्फको मत एकैसाथ गणना हुने

**रासस**
**काठमाडौं, ४ मंसिर**

निर्वाचन आयोगले आज सम्पन्न प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको मतगणना गर्दा प्रत्यक्ष र समानुपातिकर्फको मतलाई एकै पटक चार स्थानमा गणना गर्न निर्देशन दिएको छ ।

मतदानका क्रममा कतिपय मतदान केन्द्रमा कर्मचारी र मतदाताको असावधानीका कारण प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको केही मतपत्र तोकिएको मतपेटिकामा नखसी अर्को मतपेटिकामा खसेको भन्ने गुनासो आएपछि मतगणनाका लागि उक्त निर्देशन दिएको हो ।

यसरी गणना गर्दा आठ दिनभित्र परिणामबाहिर ल्याउने आयोगको योजना रहेको छ । आइतबार साँझ आयोजित पत्रकार सम्मेलनमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले मतदान सम्पन्न भएका सबै मतदानस्थलबाट आज साँझदेखि नै मतपेटिका निर्वाचन अधिकृतको कार्यालयमा ढुवानी भइरहेको र मतपेटिका मतगणनास्थलमा ल्याइसकेपछिदलीयसहमतिजुटाई काठमाडौं उपत्यकालगायतका क्षेत्रमा आज रातिदेखि नै मतगणना सुरु गर्ने बताउनुभयो ।

दुर्गम स्थानमा मतपेटिका सुरक्षित साथ सङ्कलनका लागि हेलिकोप्टरसमेत प्रयोग गरिनेछ । सङ्कलन भएपछि तत्काल मतगणना प्रारम्भ गर्न आयोगले निर्देशन दिएको छ । आइतबारको मतदानमा १५ मतदानस्थलमा मतदान स्थगन भएको छ ।

# इन्सेकको प्रारम्भिक पर्यवेक्षण प्रतिवेदन हस्तान्तरण

**रासस**
**काठमाडौं, ४ मंसिर**

आइतबार भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन समग्रमा शान्तिपूर्ण भए पनि केही जिल्लामा भएको विवाद र हिंसात्मक घटनाप्रति अनौपचारिक क्षेत्र सेवा केन्द्र (इनसेक) ले चिन्ता व्यक्त गरेको छ ।

सो केन्द्रले निर्वाचनका प्रारम्भिक प्रतिवेदन आज प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई बुझाउँदै आयोगले शून्य सहनशीलताको नीति अपनाएको भए पनि निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनामा कमी आएको नदेखिएको जनाएको छ ।

सो संस्थाले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने प्रक्रिया सहज गरेको पाइएको जनाएको छ । सीमान्तकृत नागरिक, ज्येष्ठ नागरिक, गर्भवती र सुत्केरी, अपाङ्गता भएका व्यक्तिलगायतका मतदातालाई विशेष व्यवस्था खानेपानी र शौचालयको व्यवस्था र स्वतन्त्र पर्यवेक्षकको अनुगमनमा पहुँचको विषयसमेत निर्वाचन र मानव अधिकार संरक्षणका लागि महत्वपूर्ण पक्षहरू रहेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा ३८ स्थानमा बम फेला, आठ स्थानमा बम विस्फोट भएको र ६९ स्थानमा हवाई फायर भएको उल्लेख छ । इन्सेकले देशका सबै जिल्लामा सात सय ५१ जना पर्यवेक्षक परिचालन गरेको थियो । प्रमुख निर्वाचन आयुक्त थपलियाले निर्वाचनमा देखिएका सुधार विगतमा पर्यवेक्षक संस्थाले गरेका सुझावकै आधारमा भएको जनाउँदै आगामी दिनमा गर्नुपर्ने कानूनी सुधार र मतदाता शिक्षाको नियमित सञ्चालनबारे आयोगले फड्को मार्ने गरी काम गर्ने सोच बनाएको बताउनुभयो । इन्सेकका अध्यक्ष डा इन्दिरा श्रेष्ठले सो प्रतिवेदन बुझाउनुभएको थियो ।

# अपेक्षा गरेभन्दा राम्रो नतिजा ल्याउँदैछौं: सभापति लामिछाने

**रासस**
**भरतपुर, ४ मंसिर**

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफ्नो पार्टीले अपेक्षा गरेभन्दा राम्रो नतिजा ल्याउने बताउनुभएको छ ।

आइतबार मतदान सम्पन्न भएपछि सञ्चारकर्मीसँग कुरा गर्दै सभापति लामिछानेले देशभर नयाँ तरङ्ग पैदा गरेको बताउनुभयो ।

"देशभरको रिपोर्टिङले उत्साहित छु", उहाँले भन्नुभयो, "सबै मतदाताले विश्वास गरेका छौं है भन्नुभएको छ ।" उहाँले देशभर प्रत्यक्ष र समानुपातिकतर्फको नतिजा आफ्नो पार्टीको पक्षमा बलियो रूपमा आउने बताउनुभयो । "हामीले अपेक्षा गरेकोभन्दा पनि धेरै मत पाउँदैछौं, देशभरबाट धेरै माया र विश्वास मतदाताले गर्नुभएको छ", उहाँले भन्नुभयो । पहिलो पटक मतपत्रमा घण्टी चुनाव चिह्न देख्दा गर्वको महसुस भएको सभापति लामिछानेले बताउनुभयो । "एकछिन मतपत्र हेरेर बसें," उहाँले भन्नुभयो, "ठूलो जिम्मेवारी बोध महसुस भएको छ ।" देशैभरि देखिएको उत्साह र जिम्मेवारीलाई बहन गर्न पार्टी तयार रहेको उहाँले बताउनुभयो । बलियो र दरिलो अभियानका साथ आएको भन्दै उहाँले पार्टी सरकारमा जान तयार भए पनि हतार भने नगर्ने बताउनुभयो ।

लामिछानेले नागरिकता विषयमा निर्वाचन आयोगले सोधेको प्रश्नको विषयमा जवाफ दिन तयारी अवस्थामा रहेको बताउनुभयो । आयोगले तोकेको समय अवधिमा आफूले जवाफ दिने उहाँको भनाइ छ ।